# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क २
(२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)

## कोशी प्रदेसको
# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) कोशी प्रदेश कार्यालय विराटनगरले प्रदेशको मानव अधिकार अवस्थाको स्थितिका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थितिसूचक प्रकाशन गर्दै आएको छ । कोशी प्रदेशका १४ ओटै जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट सङ्कलन गरिएका घटनाहरूको आधारमा सन् २०२४ को अप्रिल १ देखि जुन ३० सम्म अर्थात् ०८० चैत १९ गतेदेखि ०८१ असार १६ गतेसम्मका मानव अधिकार उल्लङ्घन र तथा ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ ।

बितेको तीन महिनामा कोशी प्रदेशको मानव अधिकारलाई विश्लेषण गर्ने हो भने यस अवधिमा कारागारमा मृत्यु, हिन्दू-मुस्लिमबिचको झडप, सरकारी सवारीसाधनको तोडफोड, जातीय विभेदलगायतका घटनाले कोशी प्रदेशमा स्वतन्त्रतापूर्वक बाँच्न पाउने नागरिकको अधिकार सङ्कुचित भएको देखिन्छ । जातीय विभेदका घटना यो अवधिमा भएका छन् । ०८१ जेठ २८ गतेदेखिको सक्रिय मनसुनका कारण कोशी प्रदेशमा २४ जना बढी नागरिकले ज्यान गुमाउनु परेको छ । सयौं परिवार बाढीपहिरोका कारण विस्थापित भएका छन । राज्यले समयमा आवासको अधिकारलाई सम्बोधन गर्न नसक्दा नागरिकहरू आवासविहीन भएर बाँच्नु परेको छ । कोशी प्रदेशमा पटकपटक सरकार परिर्वतनका कारण ऐन कानुनहरू निर्माण हुन सकेनन् । स्वास्थ्यको अधिकार सम्बोधनका लागि इन्सेकले कोशी प्रदेश सरकारविरूद्ध सार्वजनिक मुद्दा यसै अवधिमा दायर गऱ्यो ।

मानिसको सबै भन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकारबाट १८ जना नागरिक विमुख भएका छन् । राज्यपक्षबाट एक जना र अन्य पक्षबाट भएका घटनामा १७ जना नागरिकको ज्यान गएको छ । तीन महिनाको अवधिमा कोशी प्रदेशमा राज्यबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा कारागारमा एक जनाको शङ्कास्पद मृत्यु भएको छ । राज्यपक्षबाट गिरफ्तारीका घटनामा दुई र घाइतेका घटनामा दुई पीडित भएका छन् । अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ४ सय ९ जना गरी कूल ४ सय १४ जना नागरिक पीडित भएका छन् ।

इन्सेक अभिलेखका आधारमा तीन महिनामा कोशी प्रदेशको मानव अधिकार अवस्थालाई विश्लेषण गर्ने हो भने मानव अधिकार अवस्था सन्तोषजनक रहेको छैन् । अन्य पक्षबाट भएका अमानवीय व्यवहारका घटनामा तीन, कुटपिटका घटनामा २८, घाइतेका घटनामा १२, जातीय विभेदको घटनामा एक, बाल अधिकारका घटना ६३, भौतिक संरचना क्षतिका सात, महिला अधिकारका २ सय

७८ जना गरी कूल ४ सय ९ पीडित भएका छन् ।

इन्सेक अभिलेखका आधारमा कोशी प्रदेशमा अन्य पक्षबाट तीन महिनाको अवधिमा बाल अधिकारका घटनामा ६३ जना बालबालिका पीडित भए । जसमा अपहरणको घटनामा एक, बलात्कारको घटनामा ४४ जना, यौन दुर्व्यवहारका घटनामा १६ जना, बेचविखनको घटनामा एक र यातनाको घटनामा एक जना पीडित भएका छन् ।

कोशी प्रदेशमा तीन महिनाको अवधिमा महिला अधिकारविरूद्धका घटनामा २ सय ७८ जना पीडित भएका छन् । जसमा बलात्कारका घटनामा १९, बलात्कार प्रयासका घटनामा तीन, यौन दुर्व्यवहारका घटनामा ३, वहुविवाहका घटनामा १२ र घरेलु हिंसाका २ सय ४१ जना महिला पीडित भएका छन् ।

कोशी प्रदेशमा महिला र बालबालिकामाथिका शृङ्खलावद्ध यौनजन्य घटनाले कोशी प्रदेशमा मानव अधिकार सुधार भन्दा कमजोर हुँदै गएको भन्न सकिने अवस्था सिर्जना भएको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहित संविधान प्रदत्त मौलिक हकको कार्यान्वय अझै पनि चुनौतीपूर्ण रहेको देखिन्छ । मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन गर्ने मुख्य दायित्व राज्यको हो । मानव अधिकारका सम्वन्धमा राज्यको महत्वपूर्ण दायित्व रहेको हुँदा यस विषयमा राज्य सम्वेदनशील हुनु पर्दछ । अत : इन्सेकले अभिलेखीकरण गरेका तथ्याङ्कहरूलाई दृष्टिगत गरी मानव अधिकार संरक्षण र सम्वर्द्धनका निम्ति राज्यले ठोस, प्रभावकारी र हस्तक्षेपकारी नीति तथा कार्यक्रमहरू अवलम्वन गर्न जरूरी छ । यस दिशामा सबै सरोकारवालाहरूले ध्यान दिन आवश्यक छ ।

**सोमराज थापा**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(अप्रिल–जुन २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कुल जम्मा |
| गिरफ्तारी | | २ | २ | | | | २ |
| घाइते | | २ | २ | १ | ११ | १२ | १४ |
| कुटपिट | | | | १५ | १३ | २८ | २८ |
| बाल अधिकार | | | | ६० | ३ | ६३ | ६३ |
| अमानवीय व्यवहार | | | | १ | २ | ३ | ३ |
| हत्या | | | | १२ | ५ | १७ | १७ |
| जातीय विभेद | | | | | १ | १ | १ |
| महिला अधिकार | | | | २७८ | | २७८ | २७८ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | ७ | ७ |
| कारागारमा मृत्यु | | १ | १ | | | | २ |
| जम्मा | | ५ | ५ | ३६८ | ३४ | ४०९ | ४१४ |

# कोशी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० चैत १९ गतेदेखि ०८१ असार १६ गतेसम्म)

### कारागारमा मृत्यु

**मोरङ**

मोरङ, कारागारमा कैद भुक्तान गरीरहेका कैदी, मोरङ पथरी शनिश्चरे नगरपालिका-१० का ३९ वर्षीय धनबहादुर थापाको २०८१ जेठ ८ गते मृत्यु भएको कारागार प्रशासनले जनायो। थापा लागू औषध मुद्दामा जिल्ला अदालतले ०८० फागुन १० गते दुई वर्ष कैद सजाय तोकिएदिएपछि ०८० फागुन ११ गतेदेखि कारागारमा सजाय भुक्तान गरिरहेका थिए। मुटु सम्बन्धी रोगका विराम भएका थापाको कोशी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला कारागार मोरङका प्रमुख चेतराज बरालले बताए। पीडित परिवारले जेठ ८ गते शव बुझी सोही दिन पथरी शनिश्चरे नगरपालिका-१स्थित डाँस खोला घाटमा अन्तिम संस्कार गऱ्यो।

### घाइते

### राज्यपक्षबाट

**मोरङ**

रतुवामाई नगरपालिका-६ कादुपाडामा ०८१ जेठ १ गते प्रहरीले गोली चलाउँदा नागरिक ३४ वर्षीय भगिरथ हरिजन घाइते भए। घाइतेको सोही दिन अरनिको अस्पताल, उर्लावारीमा उपचार गरिएको इलाका प्रहरी कार्यालय, सिजुवाका इन्स्पेक्टर दीपक खरेलले बताए। लागू औषधको तस्करी गरेको र प्रहरीलाई आक्रमण गरेपछि गोली चलाएको इन्स्पेक्टर खरेलले बताए। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

### धम्की /कुटपिट

### राज्यपक्षबाट

**मोरङ**

जिल्ला प्रशासन कार्यालय मोरङमा प्रशासनविरूद्ध कोशी अस्पतालको लापरवाहीले बिरामीको मृत्यु भएको विरोधमा आफन्तहरूले ०८१ जेठ ११ गते गरेको प्रदर्शनको समाचार सङ्कलनका लागि पुगेका सिरहा स्थायी घर भइ विराटनगर महानगरपालिका-६ बस्दै आएका २३ वर्षीय पत्रकार कपलेश्वर यादव प्रहरीको लाठी प्रहारबाट घाइते भए। समाचारका सङ्कलनका क्रममा प्रहरीले कुटपिट गरेको पीडित पत्रकारले बताए। प्रहरीको लाठी प्रहारबाट टाउकोमा लागेका पत्रकारको जेठ ११ गते न्यूरो अस्पताल विराटनगरमा उपचार भयो। यादवले प्रहरी विरुद्ध कानुनी कारबाही अघि नबढाएको बताए।

**सङ्खुवासभा**

सभापोखरी गाउँपालिका-६ की २९ वर्षीया सोमकुमारी राईलाई ०८१ असार ३ गते दिउँसो विद्युतको पोल गाड्ने विषयमा विवाद हुँदा गाउँपालिका अध्यक्ष ५२ वर्षीय भीमबहादुर लिम्बुले हातपात गरेको आरोपमा असार ७ गते अभद्र व्यहार शीर्षकमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। गाउँपालिका अध्यक्ष लिम्बुले घर नजिकै विद्युत पोल गाड्न खोजेपछि आफूले हटाउन आग्रह गर्दा जनप्रतिनिधिले हातपात गरेको पीडितले आरोप लगाइन्। गाउँपालिका अध्यक्षले लिम्बूले सोमकुमारी राईविरुद्ध असार ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। गाउँपालिका अध्यक्ष लिम्बूले कुटपिट आरोपको खण्डन गर्दै असार ९ गते प्रेस विज्ञप्ति जारी गरे। स्थानीय टोल विकास संस्थाको समन्वयमा तार जोड्ने क्रममा शुरु भएको विवाद समाधानको लागि समन्वय गर्ने क्रममा स्थानीय राईले अध्यक्ष लिम्बूलाई खुकुरी प्रहार गर्न लागेपछि उक्त खुकुरी खोस्ने काम भएको गाउँपालिका अध्यक्ष विज्ञप्तिमार्फत जानकारी गराए। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

### गिरफ्तारी

**मोरङ**

रङ्गेली नगरपालिकाका नगर प्रहरीहरू रङ्गेली नगपालिका-२ की २३ वर्षीया सुनीता पौडेल, रङ्गेली नगपालिका- ९ का २७ वर्षीय प्रमोद पासवान, रङ्गेली नगपालिका-२ का २८ वर्षीय पदमबहादुर थापा र रङ्गेली नगपालिका-७ की २५ वर्षीया ज्योति घिमिरेलाई ०८१ जेठ २५ गते हातपात गरेको आरोपमा प्रहरीले

रङ्गेली नगरपालिका-६ का २३ वर्षीय दीपक यादव, २० वर्षीय राहुल यादव, २० वर्षीय रूकुम यादव, रङ्गेली नगरपालिका-७ का १८ वर्षीय रमणकुमार राय, रङ्गेली नगरपालिका-८ का १९ वर्षीय विषेक झा र रङ्गेली नगरपालिका-२ का २२ वर्षीय मिलन मिश्रलाई असार ६ गते गिरफ्तार गर्‍यो। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए।

स्थानीय प्रशासनले विराटनगर महानगरपालिका-१५ रानी क्षेत्रमा ०८१ वैशाख ६ गतेदेखि सभा सम्मेलन गर्न लगाएको रोकलाई अटेर गरी प्रदर्शन गरेको आरोपमा प्रहरीले विराटनगर महानगरपालिका-१५ रानीका २० वर्षीय रितेश झा र २३ वर्षीय रञ्जीत झालाई वैशाख ६ गते गिरफ्तार गर्‍यो। गिरफ्तारीमा परेकालाई सोधपुछ गरी वैशाख ६ गते साँझ रिहा गरिएको जिल्ला प्रहरी कार्यालयमा एसपी नवराज कार्कीले बताए। पीडित पक्षले कहीकतै उजुरी दिएन।

## अन्यपक्षबाट धम्की/कुटपिट

**मोरङ**

लागु औषध नियन्त्रण व्यूरो, कोटेश्वरमा कार्यरत असई २६ वर्षीय नवीनकुमार शाहीलाई भारतीय नागरिक ३४ वर्षीय भगिरथ हरिजनले ०८१ जेठ १ गते चक्कु प्रहार गरी घाइते बनाए। आरोपितले लागू औषध तस्करी गर्ने क्रममा रतुवामाई नगरपालिका-६ कादुपाडामा प्रहरीलाई चक्कु प्रहार गरी घाइते बनाएको इलाका प्रहरी कार्यालय, सिजुवाका इन्स्पेक्टर दीपक खरेलले बताए। घाइतेको प्रहरीले जेठ १ गते अरनिको अस्पताल, उर्लावारीमा उपचार भयो। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

राम नवमीको अवसरमा हिन्दू धार्मिक संस्थाले ०८१ वैशाख ५ गते निकालेको र्‍यालीका क्रममा र्‍याली हिड्ने बाटोको विषयलाई लिएर हिन्दू र मुस्लिम धर्मका समर्थकबिच विराटनगर-१५ रानीमा वैशाख ६ गते झडप हुँदा विराटनगर महानगरपालिका-१५ का १२ वर्षीय बालक भिल्टु दास घाइते भए। घाइतेको विराटनगर स्थित कोशी अस्पतालमा सोही दिन उपचार भयो। बालकलाई कुटपिट गर्नेको पहिचान नखुलेका कारण कानुनी कारबाही अघि नबढेको जिल्ला प्रहरी कार्यालय मोरङका एसपी नवराज कार्कीले बताए।

विराटनगर महानगरपालिका-१५ मलायारोडस्थित रामजानकी मन्दिरमा ०८१ वैशाख ५ गते आउँदै गरेको र्‍यालीलाई मस्जिदको बाटो भएर हिड्न अवरोध गरेपछि भएको झडपमा आठ जना प्रहरी घाइते भए। घाइतेहुनेहरूमा विराटनगर रानीका वरिष्ठ सई ४० वर्षीया रुपेश थपलिया, ३१ वर्षीय सई चन्द्रबहादुर रानामगर, ३४ वर्षीय असई कृष्णबहादुर राई, २५ वर्षीय प्रहरी सहायक हवल्दार पदमकुमार चौधरी, ३० वर्षीया प्रहरी सहायक हवल्दार दुश्यन्त राजवंशी, प्रहरी जवानहरू २३ वर्षीय विजयप्रकाश चन्द,२२ वर्षीय मुस्ताज जट र २७ वर्षीय दीलिप राई घाइते भए । झडपले उग्ररूप लिएपछि प्रहरीले अश्रुग्यास र २७ राउण्ड हवाइ फायर गर्‍यो। घाइतेहरूको विराटनगर स्थित कोशी अस्पतालमा उपचार भयो। प्रहरीले घटनामा संलग्नको ०८१ असार १६ गतेसम्म पहिचान नखुलेका कारण कानुनी कारबाही अघि बढाएन। हाल घटना अनुसन्धानमा छ।

विद्यार्थीहरूको माग रङ्गेली नगरपालिकाले सम्बोधन नगरेको आरोपमा विद्यार्थीहरूले नगरपालिकाका कार्यवाहक मेयर एवम् रङ्गेली नगरपालिका-८ का वडाध्यक्ष ४८ वर्षीय ढकप्रसाद आचार्य र प्रमुख प्रशासकीय अधिकृत ४४ वर्षीय ओमकारप्रसाद न्यौपानेलाई ०८१ जेठ २५ गते कार्यकक्षमा दुर्व्यवहार गरे। आन्दोलनकारी विद्यार्थीको समूहले निजी विद्यालयले कानुनविपरीत शुल्क लिइरहेको र शिक्षक छनोटमा मनपरी गरेको आरोपमा ०८१ जेठ १३ गते नगरपालिकालाई ज्ञापनपत्र बुझाएका थिए । तर, नगरपालिकाले चासो नदिएको भन्दै विरोध गरिएको रङ्गेली नगरपालिका-६ का २३ वर्षीय दीपक यादवले बताए। कार्यबाहक मेयर र प्रमुख प्रशासकीय अधिकृत न्यौपानेलाई दुर्व्यवहार गरेको आरोपमा प्रहरीले रङ्गेली नगरपालिका-६ का २३ वर्षीय दीपक यादव, २० वर्षीय राहुल यादव, २० वर्षीय रूकुम यादव, रङ्गेली नगरपालिका-७ का १८ वर्षीय रमणकुमार राय, रङ्गेली नगरपालिका-८ का १९ वर्षीय विषेक झा र रङ्गेली नगरपालिका-२ का २२ वर्षीय मिलन मिश्रलाई जेठ २५ गते गिरफ्तार गर्‍यो। गिरफ्तारीमा परेका विरुद्ध अभद्र व्यवहार मुद्दामा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**पाँचथर**

फिदिम नगरपालिका-८ की २२ वर्षीया युवती भारती तामाङलाई सार्वजनिक बसमा ०८१ वैशाख ४ गते हातपात,गाली गलौज, अश्लील शब्द प्रयोग गरी अभद्र व्यवहार गरेको आरोपमा फाल्गुनन्द गाउँपालिका-

२ का ३५ वर्षीय छविराज अधिकारीविरुद्ध पीडितले वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख ५ गते गिरफ्ता गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा वैशाख ६ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारीको वैशाख २५ गतेको आदेशले ५ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित वैशाख २५ गते धरौटी बुझाएर रिहा भए। कुटपिटबाट घाइते पीडितको उपचार जिल्ला अस्पतालमा वैशाख ४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## अमानवीय व्यवहार

**सुनसरी**

सुनसरीको धरान उपमहानगरपालिका-१२ घर भइ हाल बेलबारी-११ लक्ष्मीमार्गमा बस्दै आएका ७५ वर्षीय वृद्ध हरिबहादुर विष्ट र उनकी ३७ वर्षीया बुहारी सरस्वती बस्नेत(विष्ट)लाई आपसी विवादका क्रममा ०८१ जेठ ४ गते  मोसो दलेको आरोपमा पीडित पक्षले बेलबारी नगरपालिका-११ का ४० वर्षीय माधव बास्तोला, ४२ वर्षीय नगेन्द्र मिश्र, ६२ वर्षीय मोहन घिमिरे, ३१ वर्षीया संगीता लुइँटेल र  ३० वर्षीया पुतली खवासविरूद्ध जेठ ५ गते इलाका प्रहरी कार्यालय,वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गऱ्यो। वेलवारी नगरपालिका- ११ स्थित सुम्निमा चोकबाट जुरातर्फ जाने सडक निर्माणका क्रममा स्थानीय र विष्ट परिवारबीच विवाद भएको र आरोपितहरूले मोसो दलेको पीडित पक्षले जनायो। ०८१ असार १६ गतेसम्म घटना अनसन्धानमा रहेको प्रहरीले जनायो।

## बाल अधिकार

### विद्यालयमा दिइने शारीरिक सजाय

**सुनसरी**

इटहरी उपमहानगरपालिका-१६ की १४ वर्षीया बालिका अंशल बुढाथोकीलाई गृहकार्य नगरेको आरोपमा ०८१ जेठ १६ गते कुटपिट गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१ का ३७ वर्षीय शिक्षक पूर्णप्रसाद पोखरेलविरुद्ध पीडित पक्षले जेठ १७ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। इटहरी उपमहानगरपालिका-१६ मा रहेको शिक्षादीप बोर्डिङ स्कुलमा कक्षामा ९ अध्ययनरत बालिकालाई कुटपिट गरेको आरोपमा प्रहरीले शिक्षकलाई जेठ १७ गते गिरफ्तार गऱ्यो। कुटपिटबाट घाइते बालिकको विराटनगरस्थित विराट टिचिङ अस्पतालमा जेठ १७ गते उपचार भयो। विद्यालयका प्रिन्सिपल सहदेव काफ्लेले घटनामा संलग्न शिक्षकलाई जेठ १७ गते निलम्बन गरिएको बताए। आरोपित शिक्षकलाई प्रहरीले जेठ १७ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा जेठ २९ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। हाल घटना अनुसन्धानमा छ।

## बलात्कार, यौन दुर्व्यवहार

**मोरङ**

सात वर्षीया बालिकालाई ०८० जेठ ५ गते बलात्कार गरेको आरोपमा सुन्दरहरैँचा नगरपालिका-६ सितापुरीका ४८ वर्षीय ज्ञानबहादुर मगरविरूद्ध पीडित पक्षले जेठ ७ गते इलाका प्रहरी कार्यालय, गछियामा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ७ गते गिरफ्तार गऱ्यो। अरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ३१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको असार २ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठायो। बालिकाको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा जेठ ७ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०८१ वैशाख ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा उर्लावारी नगरपालिका-७ सितटोलका ७० वर्षीय दिव्यश्वर निरौलाविरूद्ध वैशाख ४ गते इलाका प्रहरी कार्यालय, उर्लावारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मोहन सुवेदीको वैशाख २२ गतेको इजलासले ७५ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा वैशाख ४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन।

१६ वर्षीया बालिकालाई ०८१ वैशाख ७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले विराटनगर महानगरपालिका-७ शिवमन्दिर चोकका २९ वर्षीय राहुल बच्चन यादवविरूद्ध वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ७ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको असार ३ गतेको इजलासले ३० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित असार ३ गते धरौटी बुझाएर रिहा भए।

## बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२४)

| | |
|---|---|
| बेचबिखन तथा ओसारपसार | १ |
| बलात्कार | ४४ |
| यौन दुर्व्यवहार | १६ |
| अपहरण | १ |
| विद्यालयमा दिइने शारीरिक सजाय | १ |
| जम्मा | ६३ |

पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा जेठ ८ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ वैशाख २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा पथरी शनिश्चरे नगरपालिका-१ का ४४ वर्षीय गणेश बस्नेतविरुद्ध पीडित पक्षले वैशाख २२ गते इलाका प्रहरी कार्यालय, पथरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २२ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश कोइरालाको जेठ १४ गतेको इजलासले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपितले जेठ १४ गते धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा वैशाख २२ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ३ गते बलात्कार गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-७ गणेशपुरका ३१ वर्षीय दिलिप झाँगडविरूद्ध पीडित पक्षले वैशाख १३ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज कार्कीको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण मेरीस्टोप सेन्टर, इटहरी सुनसरीमा वैशाख १० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०८१ वैशाख १४ गते बलात्कार गरेको आरोपमा वेलवारी नगरपालिका-१ सिसौली चेकका ६३ वर्षीय डिल्लीराम रिजालविरूद्ध वैशाख १४ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुराम सुवेदीको जेठ १६ गतेको इजलासले पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा वैशाख १४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८१ वैशाख १९ गते यौन दुर्व्यवहार गरेको अरोपमा सुन्दरहरैंचा १२ खोर्साने टोलका ७३ वर्षीय नन्दलाल लुईटेललाई पीडित पक्षले २०८१ जेठ २२ गते प्रहरीमा दिएको उजुरीका आधारमा आरोपितलाई जेठ २२ गते प्रहरीले घरैबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध जिल्ला अदालत मोरङमा प्रहरीले २०८१ असार १३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधिश उद्धवप्रसाद भट्टराईको असार १४ गतेको इजालासले ५० हजार रुपैयाँ धारौटी माग गर्ने आदेश दियो। आरोपित सोहि दिन धरौटी बुझाएर तारेखमा रिहा भए।

१५ वर्षीया बालिकालाई ०८१ जेठ २ गते बलात्कार गरेको आरोपमा र `ली नगरपालिका-९ वङ्कोल टोलका १९ वर्षीय देवकुमार चौधरीविरूद्ध पीडित पक्षले जेठ ३ गते इलाका प्रहरी कार्यालय,र `लीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मोहन सुवेदीको असार ४ गतेको आदेशले २५ हजार रुपियाँ धरौटी माग

गर्‍यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा असार ९ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ जेठ १२ गते बलात्कार गरेको आरोपमा वेलवारी नगरपालिका-२ रमिते टोलका १९ वर्षीय आकाश तामाङविरूद्ध पीडित पक्षले जेठ १५ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १५ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश पारसमणि पोखरेलको असार ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा जेठ १६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**ताप्लेजुङ**

आठ वर्षीया बालिकालाई ०८१ जेठ २१ गते बलात्कार गरेको आरोपमा सिरिजङ्घा गाउँपालिका-४ का ६१ वर्षीय दिलबहादुर लिम्बूविरुद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयका उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २३ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश निर्मला यो याको जेठ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २२ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ र १६ वर्षीया बालिकालाई ०८१ जेठ ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा फुङलिङ नगरपालिका-१० फुरुम्बुकाका २४ वर्षीय विक्रम तामा विरुद्ध जेठ ९ जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १६ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश निर्मला यो याको जेठ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**ओखलढुङ्गा**

१७ वर्षीया बालिकालाई ०८० चैत २७ गते बलात्कार गरेको आरोपमा सिद्धिचरण नगरपालिका-७ का ३५ वर्षीय दावा शेर्पाविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २८ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरिराज गौतमको वैशाख २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २८ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया महिलालाई ०८१ जेठ २९ गते बलात्कार गरेको आरोपमा पाँचथर जिल्ला, फाल्गुनन्द गाउँपालिका-४ का १९ वर्षीय सुजन लिम्बूविरूद्ध जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ३० गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको असार २० गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ३० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

१२ वर्षीया बालिकालाई ०८० चैत २२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले दिप्रुङ चुइचुम्मा गाउँपालिका-२ नालीका ३५ वर्षीय प्रकाश परियारविरूद्ध चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २२ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा ०८१ वैशाख १८ गते गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको वैशाख २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २२ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला नभएको श्रेस्तेदार सीताराम खड्काले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ जेठ ५ गते बलात्कार गरेको आरोपमा हलेसी तुवाचुङ नगरपालिका-११ स्थित ज्योती माध्यमिक विद्यालयमा कार्यरत शिक्षक

हलेसी तुवाचुङ नगरपालिका-११ का ५८ शिक्षक शम्भुप्रसाद घिमिरेविरूद्ध पीडित पक्षले असार १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १६ गते गिरफ्तार गर्यो। ०८१ असार १६ गतेसम्म मुद्दा अनुसन्धानमा रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १६ गते भयो।

पाँच वर्षीया बालिकालाई ०८१ जेठ ३० गते यौन दुर्व्यवहार गरेको आरोपमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ का ६३ वर्षीय फूपाजुविरूद्ध पीडित पक्षले असार ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ६ गते गिरफ्तार गर्यो। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार ६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ जेठ २३ गते बलात्कार गरेको आरोपमा रावावेंशी गाउँपालिका-१ का २१ वर्षीय ग   गबहादुर नेपालीविरूद्ध पीडित पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २५ गते गिरफ्तार गर्यो। आरोपितविरूद्ध प्रहरी जिल्ला अदालतमा असार २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको असार २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २५ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**तेह्रथुम**

१३ वर्षीया बालिकालाई ०८१ जेठ २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा आठराई गाँउपापिलिका-३ का ६६ वर्षीय दिलप्रसाद रिजालविरुद्ध पीडित पक्षले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ७ गते सुनसरी जिल्ला, इनरुवा नगरपालिका-४ बाट गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा साउन ८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको साउन ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ जेठ २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा फाकफोकथुम गाउँपालिका-६ स्थायी घर घइ सूर्योदय नगरपालिका-८ बस्दै आएका २४ वर्षीय पूर्णबहादुर श्रेष्ठविरुद्ध पीडित पक्षले जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ३ गते गिरफ्तार गर्‍यो। ०८१ असार १६ गतेसम्म घटना अनुसन्धानमै रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पालमा जेठ ३० गते भयो।

१३ वर्षीया बालिकालाई ०८१ जेठ १२ गते बलात्कार गरेको आरोपमा सन्दकपुर गाउँपालिका-३ का २२ वर्षीय विमन राईविरुद्ध पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ८ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको असार १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २७ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ७ गते बलात्कार गरेको आरोपमा माङसेबुङ गाउँपालिका-१ का २२ वर्षीय सनम लिम्बूविरूद्ध पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको जेठ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ९ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले चुलाचुली गाउँपालिका-३ का ४१ वर्षीय ज्ञानबहादुर तामाङविरूद्ध वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ७ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख २८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको वैशाख २८ गतेको इजलासले ५० हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ६ गते भयो।

०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

१३ वर्षीया ०८१ वैशाख २६ गते यौन दुर्व्यवहार गरेको आरोपमा फिदिम नगरपालिका-५ का ६४ वर्षीय देउकुमार तुम्वापोविरुद्ध पीडित पक्षले वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको जेठ २१ गतको आदेशले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित जेठ २१ गते धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० चैत २६ गते बलात्कार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-४ का ४७ वर्षीय अविकेशर पुरीविरुद्ध पीडित पक्षले ०८० चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको वैशाख २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २१ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-५ का २६ वर्षीय अमृत सुहाङविरुद्ध पीडित पक्षले जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ३१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको जेठ ३२ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**भोजपुर**

सात वर्षीया बालिकालाई ०८१ वैशाख १० गते बलात्कार गरेको आरोपमा षडानन्द नगरपालिका-१ नेपालेडाँडाका ३० वर्षीय अमृत मगरातीविरुद्ध पीडित पक्षले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपिलाई सोही दिन गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिलको कार्यालयमार्फत जेठ १ गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्ययाधीश बाबुकाजी बानियाको जेठ २ को इजलासले ओपितलाई पुर्पक्षमा पठाएको श्रेस्तेदार मोहन घिमिरेले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २५ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

१४ वर्षीया बालिकालाई ०८० चैत २२ गते बलात्कार गरेको आरोपमा सहिदभूमि गाउँपालिका-३ छिन्ताङका ३१ वर्षीय विकेश राईविरूद्ध पीडित पक्षले चैत २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २४ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले सरकारी बकिलको कार्यालयमार्फत चैत २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधिस नारायण प्रसाद पराजुलीको इजलासमा मुद्दाको बैशाख १६ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको पेशी बैशाख १६ गते, जेठ १७ गते, असार ५ गते भयो। मुद्दा हाल कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ जेठ २१ गते बलात्कार गरेको आरोपमा पाखिबास नगरपालिका-९ चुम्बाङका २८ वर्षीय मदन कार्कीविरूद्ध पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २२ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ताको तयारी गरेको छ। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २२ गते भयो। हाल मुद्दा अनुसन्धान प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८१ जेठ १ गते बलात्कार गरेको आरोपमा साँगुरीगढी गाउँपालिका-८ महाभारतका ३६ वर्षीय अशोक राईविरूद्ध पीडित पक्षले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ३ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा बलात्कार शीर्षकमा जेठ २२ गते मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ असार २ गते बलात्कार गरेको आरोपमा विराटनगर महानगरपालिका-११ का ५१ वर्षीय प्रविण अग्रवालविरूद्ध पीडित पक्षले असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ३ गते भेडेटारबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ताको तयारी गरेको छ। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार ४ गते भयो। हाल मुद्दा अनुसन्धानको प्रक्रियामा छ।

**सङ्खुवासभा**

१५ वर्षीया बालिकालाई पटकपटक र अन्तिम पटक ०८१ वैशाख १८ गते बलात्कार गरेको आरोपमा प्रहरीले तनहुँ जिल्ला, भिमाद नगरपालिका-२ का ३७ वर्षीय हिमाल मगर भनिने अभिमानसिं आलेमगरविरुद्ध वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित आलेमगरलाई वैशाख २२ गते ओखलढुङ्गा जिल्ला, सिद्धिचरण नगरपालिका-११ बाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा वैशाख ३० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको ०८१ जेठ १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

चार वर्षीया बालिकालाई ०८१ वैशाख १८ गते बलात्कार गरेको आरोपमा मादी नगरपालिका-२ का १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले वैशाख २१ गते इलाका प्रहरी कार्यालय, चैनपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको जेठ १७ इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ वैशाख १२ गते बलात्कार गरेको आरोपमा चैनपुर नगरपालिका-७ का १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले वैशाख १८ गते इलाका प्रहरी कार्यालय, चैनपुरमा उजुरी दियो। प्रहरीले आरोपित तामाङलाई जेठ १ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दामा फैसला भएन। कानुनी प्रक्रियामा छ।

२१ महिनाकी बालिकालाई ०८१ असार ५ गते बलात्कार गरेको आरोपमा मकालु गाउँपालिका-५ का १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ९ गते खाँदवारीबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको असार २० गतेको आदेशले बालकलाई अभिभावकको जिम्मा लगाउन आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पतालमा असार ८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ। पीडितलाई उपचार तथा कानूनी सहायताका लागि इन्सेक कोशी प्रदेश कार्यालयले ०८१ असार १० गते १० हजार रुपियाँ आर्थिक सहयोग प्रदान गऱ्यो।

**सुनसरी**

सात वर्षीया बालिकालाई ०८० वैशाख १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले १३ वर्षीय बालकविरूद्ध वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ७ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असारसमान्त सम्म मुद्दा फैसला भएन। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ७ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख २६ गते बलात्कार गरेको आरोपमा हरिनगर गाउँपालिका-६ घुस्कीका २१ वर्षीय वारिम अन्सारीविरूद्ध वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ २३ गते बलात्कार

शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको जेठ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २६ गते भयो। ०८१ असार मसान्तसम्म मुद्दा फैसला भएन। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८१ वैशाख ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका-२ पुनरवासका ६५ वर्षीय तेजबहादुर विश्वकर्माविरूद्ध पीडित पक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुरेशराज खनालको जेठ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

६ वर्षीया बालिकालाई ०८० चैत १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले बराहक्षेत्र नगरपालिका-७ साकेला बजारका ६० वर्षीय रामकुमार श्रेष्ठविरूद्ध ०८१ वैशाख ३ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगर चक्रघट्टीमा उजुरी दियो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख २७ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको वैशाख २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख २९ गते बलात्कार गरेको आरोपमा रामधुनी नगरपालिका-९ का २० वर्षीय रोहितकुमार चौधरी र सोही ठाउँका १९ वर्षीय लवकुमार चौधरीविरूद्ध पीडित पक्षले वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितद्धयलाई प्रहरीले वैशाख ३० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको असार २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया छोरीलाई ०८१ जेठ २ गते बलात्कार गरेको आरोपमा बर्जु गाउँपालिका-२ का ३७ वर्षीय बाबुविरूद्ध पीडित पक्षले आरोपितविरूद्ध जेठ २ गते इलाका प्रहरी कार्यालय, दुहवीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मुकेश उपाध्यायको असार ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० जेठ २४ गते बलात्कार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका-१० प्रकाशपुरका २८ वर्षीय  सुजित चन्द्रवंशीविरूद्ध पीडित पक्षले जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २९ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको असार २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २९ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८१ जेठ २ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-१५ का ५२ वर्षीय बेलबहादुर विश्वकर्माविरूद्ध पीडित पक्षले जेठ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुरेशराज खनालको असार ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा जेठ १५ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ असार १० गते यौन दुर्व्यवहार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१ स्थायी घर भइ धरान उपमहानगरपालिका-११ स्थित ज्ञानोदय माध्यमिक विद्यालयमा कार्यरत शिक्षक ४५ वर्षीय गोपाल गुरागाईंविरूद्ध पीडित पक्षले असार १३ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार ३१ गते यौन दुर्व्यवहार शीर्षकमा

मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको साउन १ गतेको आदेशले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित साउन १ गते धरौटी बुझार रिहा भएको अदालतका श्रेस्तेदार नारायणप्रसाद भट्टराईले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा असार १० गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८१ वैशाख ५ गते बलात्कार गरेको आरोपमा देवानगञ्ज गाउँपालिका-२ का २० वर्षीय हेमनारायण मेहताविरूद्ध पीडित पक्षले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ६ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको जेठ ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

१७ वर्षीया बालिकालाई ०८० चैत १५ गते बलात्कार गरेको आरोपमा विर्तामोड नगरपालिका-५ का ४० वर्षीय मेघराज लिम्बूविरुद्ध पीडित पक्षले फागुन १५ गते इलाका प्रहरी कार्यालय, अनारमानीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०८१ वैशाख ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नन्दीकेशर पोखरेलको वैशाख १० गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा फागुन १५ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ जेठ १८ गते यौन दुर्व्यवहार गरेको आरोपमा ४१ वर्षीय काकाविरुद्ध पीडित पक्षले जेठ २१ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २१ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार १० गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इश्वरमणी ओझाको असार ११ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ जेठ २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा मेचीनगर नगरपालिका-१० का ३० वर्षीय अन्जान गुरुङविरुद्ध पीडित पक्षले जेठ ३२ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३२ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको असार २३ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

नौ वर्षीया बालिकालाई ०८१ वैशाख १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा सप्तरी जिल्ला, हनुमान नगरपालिका-४ का ४५ वर्षीय बिजुली पण्डितविरुद्ध पीडित पक्षले जेठ २१ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार ११ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको असार १२ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ जेठ २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा कचनकवल गाउँपालिका-७ का २४ वर्षीय गोपाल राजवंशीविरुद्ध पीडित पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार १७ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौडेलको असार १९ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन।

हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १४ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ २७ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २७ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको असार १७ गतेको आदेशले आरोपितलाई संरक्षकको जिम्मा लगायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ जेठ १८ गते बलात्कार गरेको आरोपमा सुनसरी जिल्ला, रामधुनी नगरपालिका- ३ का २४ वर्षीय महमद इद्रिसविरुद्ध पीडित पक्षले जेठ २१ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २३ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इश्वरमणी ओझाको असार १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १३ गते बलात्कार गरेको आरोपमा ६० वर्षीय बाबुविरूद्ध पीडित पक्षले जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १६ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा असार ५ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नन्दीकेशर पोखरेलको असार.६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा जेठ १६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा बद्धशान्ति गाउँपालिका-१ का २३ वर्षीय हर्कबहादुर धमालाविरूद्ध पीडित पक्षले वैशाख २० गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २० गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा जेठ १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको जेठ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा वैशाख २० गते भयो ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख ५ गते बलात्कार गरेको आरोपमा अर्जुनधारा नगरपालिका-१ का २१ वर्षीय टेकेन्द्र तामाङविरूद्ध पीडित पक्षले वैशाख ७ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ७ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा वैशाख ३१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधस्श नन्दीकेशर पोखरेलको जेठ २ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा वैशाख ७ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**उदयपुर**

१४ वर्षीया बालिकालाई ०८० चैत २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा त्रियुगा नगरपालिका-१० बोक्सेका २८ वर्षीय केशव सुयलविरुद्ध पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २२ घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २२ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख १५ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको वैशाख १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख २ गते बलात्कार गरेको आरोपमा रौतामाई गाउँपालिका-८ का २८ वर्षीय विवश मगरविरूद्ध पीडित पक्षले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिला अदालतमा वैशाख २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको वैशाख २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६

गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८० चैत २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले रौतामाई गाउँपालिका-२ भुट्टारका ४२ वर्षीय बाबुविरूद्ध पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २२ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख १५ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको वैशाख १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २२ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० चैत १९ गते बलात्कार गरेको आरोपमा रौतामाई गाउँपालिका-५ पोखरीका २८ वर्षीय मनोज मगरविरूद्ध पीडित पक्षले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको वैशाख १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २१ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८१ वैशाख २ गते बलात्कार गरेको आरोपमा ताप्ली गाउँपालिका-५ मादलेका २८ वर्षीय जीवन कार्कीविरूद्ध पीडित पक्षले वैशाख ३ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको वैशाख २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८१ वैशाख २ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-४ ठोक्सीलाका २१ वर्षीय रविन मगरविरूद्ध पीडित पक्षले वैशाख ३ गते इलाका प्रहरी कार्यालय, रामपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको वैशाख २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० चैत १४ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-९ लिम्पाटारका १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले चैत १६ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण कटारी अस्पतालमा चैत १६ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख ३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको वैशाख ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ६ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-७ कालीखोलाका २१ वर्षीय सुनिल मगरविरूद्ध पीडित पक्षले वैशाख ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ११ गते त्रियुगा नगरपालिका-७ चुहाडेबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ११ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख ३० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको वैशाख ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख २७ गते बलात्कार गरेको आरोपमा ताप्ली गाउँपालिका-५ रूपाटारका १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले ०८१ वैशाख २९ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३० गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ जेठ २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको जेठ २१ गतेको इजलासले आरोपितलाई संरक्षकको जिम्मा लगाउन आदेश दियो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८१ जेठ १९ गते बलात्कार गरेको आरोपमा रौतामाई गाउँपालिका-७ मुकुर्चीका १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले ०८१ जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २१ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २० गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको असार १२ गतेको इजलासले संरक्षकको जिम्मा लगाउन आदेश दियो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

चार वर्षीया बालिकालाई ०८१ जेठ २८ गते बलात्कार गरेको आरोपमा रौतामाई गाउँपालिका-८ पाँबुका २८ वर्षीय सुरज मगरविरूद्ध पीडित पक्षले जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ३० गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ३० गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खरेलको असार १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८१ असार २ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-६ सोमबारेका २२ वर्षीय राजन विशुंखेविरूद्ध पीडित पक्षले असार ३ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार ३ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको असार २० गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

अपाङ्गता भएकी १६ वर्षीयालाई ०८१ असार १४ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले त्रियुगा नगरपालिका-३ मोतिगडाका २५ वर्षीय बिनोद कार्कीविरूद्ध असार १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार ३१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको असार ३२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १५ गते गरियो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**मोरङ**

अपाङ्गता भएकी ४६ वर्षीया महिलालाई ०८० चैत ९ गते बलात्कार प्रयास गरेको आरोपमा केरावारी गाउँपालिका-६ तेह्रथुमे टोलका ४७ वर्षीय चाउरे भनिने जितबहादुर राईविरुद्ध पीडित पक्षले चैत १० गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा वैशाख ६ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जुद्धबहादुर आले मगरको जेठ ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा चैत १० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२६ वर्षीया युवतीलाई ०८१ वैशाख १८ गते बलात्कार प्रयास गरेको आरोपमा पथरीशनिश्चरे नगरपालिका-१० त्रिवेणी चोकका २५ वर्षीय सुमन पौडेलविरूद्ध पीडित पक्षले वैशाख १८ गते इलाका प्रहरी कार्यालय, पथरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १३ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज कार्कीको जेठ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा वैशाख १८ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सोलुखुम्बु**

२३ वर्षीया महिलालाई ०८० चैत १८ गते बलात्कार गरेको आरोपमा सोलु दुधकुण्ड नगरपालिका-१० का ४३ वर्षीय आङ लाक्पा तामाङविरूद्ध पीडित पक्षले चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १९ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल – जुन २०२४)



| | |
|---|---|
| बलात्कार | १९ |
| घरेलु हिंसा | २४१ |
| यौन दुर्व्यवहार | ३ |
| बलात्कार प्रयास | ३ |
| बहुविवाह | १२ |
| जम्मा | २७८ |

अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको वैशाख ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**ताप्लेजुङ**

६८ वर्षीया महिलालाई ०८० चैत ३० गते बलात्कार गरेको आरोपमा दोलखा जिल्ला, कालिञ्चोक गाउँपालिका-७ स्थायी घर घर भइ ताप्लेजुङ बस्दै आएका ५२ वर्षीय रत्न शिवाकोटीविरूद्ध पीडित पक्षले ०८१ वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २ गते फुङलिङबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा वैशाख २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको वैशाख २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२८ वर्षीया बुहारीलाई ०८० चैत २५ गते बलात्कार गरेको आरोपमा ५१ वर्षीय जेठाजुविरूद्ध पीडित पक्षले ०८१ वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १२ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा वैशाख १४ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको वैशाख १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला नभएको अदालतका सूचना अधिकारी कुमार लु `लीले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

४० वर्षीया महिलालाई ०८० चैत २१ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-१० का ३८ वर्षीय राजु भनिने घनेन्द्र श्रेष्ठविरूद्ध पीडित पक्षले ०८१ वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १७ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको जेठ १३ गतेको आदेशले आरोपितसँग ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १७ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियाा छ।

**पाँचथर**

६८ वर्षीया महिलालाई ०८० चैत १७ गते बलात्कार प्रयास गरेको आरोपमा फालेलुङ गाउँपालिका-४ का ६८ वर्षीय दिलबहादुर सावाँविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख १३ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको वैशाख १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १८

गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

३३ वर्षीया महिलालाई ०८१ बैशाख २९ गते बलात्कार गरेको आरोपमा भोजपुरको साल्पासिलिछौ गाउँपालिका-४ का २९ वर्षीय हेमराज राईविरूद्ध पीडित पक्षले जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २ गते महालक्ष्मी नगरपालिका-६ सालघारीबाट गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा जेठ २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ताको गर्‍यो। अदालतका न्यायधिस नारायण प्रसाद पराजुलीको इजलासले आरोपितलाई जेठ २४ गते पुपर्क्षका लागि थुनामा पठायो। मुद्दाको पेशी जेठ २४ गते भयो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३१ वर्षीया महिलालाई ०८१ बैशाख २१ गते बलात्कार गरि हत्या गरेको आरोपमा पाख्रिबास नगरपालिका-९ चुम्वाङका ४१ वर्षीय दिलबहादुर सार्कीविरूद्ध पीडित पक्षले बैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले बैशाख २३ गते घरैबाट गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा जेठ १३ गते बलात्कार गरि हत्या शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नारायण प्रसाद पराजुलीको आदेशमा आरोपित जेठ १४ गते पुर्पक्षमा थुनामा गए। मुद्दाको पेशी जेठ १४ र असार ११ गते भयो। शवको पोर्टमार्टम जिल्ला अस्पतालमा बैशाख २३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सङ्खुवासभा**

५२ वर्षीया महिलालाई ०८१ जेठ १४ गते बलात्कार गरेको आरोपमा सभापोखरी गाउँपालिका-६ कोत्तिसिंकका ५३ वर्षीय ज्वाने भनिने धनबहादुर लिम्बूविरूद्ध पीडित पक्षले जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २० गते घर नजिकैबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको जेठ २७ इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १९ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०८१ जेठ ३ गते बलात्कार गरेको आरोपमा मादी नगरपालिका-६ पुलुङका २१ वर्षीय गयामणि राईविरुद्ध पीडित पक्षले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ५ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको जेठ २४ इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित युवतीको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ३ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

१९ वर्षीया युवतीलाई ०८० चैत ३० गते बलात्कार गरेको आरोपमा पीडित पक्षले हरिनगर गाउँपालिका-१ का २१ वर्षीय इरफान अन्सारीविरूद्ध ०८१ वैशाख ५ जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ७ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ ६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सुरेशराज खनालको जेठ ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ५ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३४ वर्षीया महिलालाई ०८० चैत ९ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-५ का ४२ वर्षीय रमेश खत्रीविरूद्ध पीडित पक्षले ०८१ वैशाख १७ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १७ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको जेठ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १७ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३० वर्षीया महिलालाई ०८१ वैशाख १२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले धरान उपमहानगरपालिका-११ का ३३ वर्षीय भक्तराज रसाइलीविरूद्ध वैशाख १३ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १३ गते

गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरूद्ध जिल्ला अदालतमा जेठ ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको जेठ ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३० वर्षीया महिलालाई ०८१ वैशाख १२ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-११ का ३३ वर्षीय भक्तराज रसाइलीविरूद्ध पीडित पक्षले वैशाख १३ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको जेठ ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२१ वर्षीया युवतीलाई ०८१ वैशाख ८ गते बलात्कार गरेको आरोपमा तेह्रथुम जिल्ला, लालीगुराँस नगरपालिका-५ का २५ वर्षीय सुरेश लिम्बूविरूद्ध पीडित पक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पुण्यप्रसाद सापकोटाको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०८१ वैशाख १४ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१ का २९ वर्षीय प्रसान्त तामा  विरूद्ध पीडित पक्षले वैशाख १५ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुरेशराज खनालको जेठ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १५ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२० वर्षीया महिलालाई ०८० चैत २६ गते बलात्कार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका-११ मधुवनीका २५ वर्षीय आजमोल आलम अन्सारीविरूद्ध पीडित पक्षले ०८१ वैशाख २७ गते इलाका प्रहरी कार्यालय,इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २७ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको जेठ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०८० चैत १२ गते बलात्कार गरेको आरोपमा इनरुवा नगरपालिका-५ का २५ वर्षीय महेन्द्र शर्मा खत्वेविरूद्ध पीडित पक्षले वैशाख १५ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको जेठ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०८१ वैशाख ७ गते बलात्कार गरेको आरोपमा गढी गाउँपालिका-४ का २५ वर्षीय दीपेन्द्र ठाकुरविरूद्ध पीडित पक्षले वैशाख १० गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १० गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२० वर्षीया युवतीलाई ०८१ जेठ २१ गते बलात्कार गरेको आरोपमा रामधनुी नगरपालिका-५ का ३५ वर्षीय भरत भनिने उद्धवप्रसाद खनालविरूद्ध पीडित पक्षले जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २९ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुरेशराज खनालको असार २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २९ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी

प्रक्रियामा छ।

२५ वर्षीया युवतीलाई ०८० जेठ १२ गते बलात्कार गरेको आरोपमा दुहवी नगरपालिका-१२ का ३७ वर्षीय मुकेश यादवविरूद्ध पीडित पक्षले जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २० गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद गजुरेलको असार १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १८ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

८० वर्षीया ज्येष्ठ नागरिकलाई ०८१ जेठ २३ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-९ का ३६ वर्षीय राजेश बुढाथोकीविरूद्ध पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मुकेश उपाध्यायको जेठ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा जेठ २४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१९ वर्षीया युवतीलाई ०८१ जेठ २० गते बलात्कार गरेको आरोपमा उदयपुर जिल्ला, बेलका नगरपालिका-८ का ३७ वर्षीय रोशन केसीविरूद्ध पीडित पक्षले जेठ २२ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २२ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार १६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको असार १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा जेठ २२ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३४ वर्षीया महिलालाई ०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा भोजपुर स्थायी घर भइ इटहरी उपमहानगरपालिका-४ मा बस्दै आएका ४२ वर्षीय नवीन श्रेष्ठविरूद्ध जेठ ४ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ४ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको असार ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपामा जेठ ४ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१८ वर्षीया युवतीलाई ०८१ जेठ १० गते बलात्कार गरेको आरोपमा धनकुटा जिल्ला, शहीदभूमि गाउँपालिका-१ का ३१ वर्षीय ओमकुमार केप्छाकीविरूद्ध पीडित पक्षले जेठ १२ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १२ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा असार ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको असार ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा जेठ १२ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

४० वर्षीया महिलालाई ०८० चैत १८ गते बलात्कार प्रयास गरेको आरोपमा झापा गाउँपालिका-३ का ३४ वर्षीय पवनकुमार संग्रौलाविरुद्ध पीडित पक्षले चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा ०८१ वैशाख १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको ०८१ वैशाख १३ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४१ वर्षीया महिलालाई ०८१ जेठ ५ गते वैवाहिक बलात्कार गरेको आरोपमा ३५ वर्षीय पतिविरूद्ध पीडितले जेठ १६ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार ९ गते वैवाहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इश्वरमणी ओझाको असार १० गतेको आदेशले ६० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६

गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४७ वर्षीया महिलालाई ०८१ वैशाख १३ गते बलात्कार गरेको आरोपमा विर्तामोड नगरपालिका-५ का ५४ वर्षीय तिलविक्रम आचार्यविरुद्ध पीडित पक्षले जेठ ३० गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३० गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३० गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको असार २० गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२४ वर्षीया महिलालाई ०८१ जेठ २ गते वैवाहिक बलात्कार गरेको आरोपमा पीडितले २९ वर्षीय पतिविरूद्ध जेठ २१ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ २२ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असार ७ गते वैवाहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको असार ९ गतेको इजलासले ६० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३१ वर्षीया महिलालाई ०८१ वैशाख १५ गते वैवाहिक बलात्कार गरेको आरोपमा पीडितले ३५ वर्षीय पतिविरूद्ध जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार १६ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा असार.६ गते वैवाहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नन्दीकेशर पोखरेलको असार ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण मेची प्रादेशिक अस्पतालमा जेठ १६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## परिवारजनबाट हत्या

**मोरङ**

सुन्दरहरैँचा नगरपालिका-५ गोर्खाली टोलकी ४५ वर्षीया मनमाया तामाङको घरायसी विवादका क्रममा ०८१ वैशाख १९ गते कुटपिट गरी हत्या गरेको आरोपमा ५० वर्षीय पति पदमबहादुर तामाङविरूद्ध पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २१ गते सुन्दरहरैँचा नगरपालिका-५ बुढी खोलाबाट गिरफ्तार गऱ्यो। मनमायाको शव वैशाख २० गते घरभित्र अर्धनग्न र शरीरका विभिन्न भागमा चोट लागेको अवस्थामा फेला परेको प्रहरीले जनायो। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपामा वैशाख २० गते भयो। पीडित पक्षले वैशाख २० गते शव बुझी इटहरी उपमहानगरपालिका-४ स्थित बुढीखोला घाटमा सद्गत गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ १६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको जेठ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

म्याङलुङ नगरपालिका-६ सुर्केकी ५४ वर्षीया सुवासकुमारी लिम्बूको घरायसी विवादका क्रममा ०८० चैत १९ गते सिकल प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले ४६ वर्षीय पति दीपक सिंजागु लिम्बूविरूद्ध चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १९ गते घटनास्थलबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलकार्यालय मार्फत् जिल्ला अदालतमा ०८१ वैशाख १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको वैशाख १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पताल चैत १९ गते भयो। पीडित पक्षले चैत १९ गते शव बुझी चैत २० गते म्याङलुङ नगरपालिका-६ पेङवा खोलामा सद्गत गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

साकेला गाउँपालिका-२ का ७१ वर्षीय कृष्णकुमार राईलाई घरायसी विवादका क्रममा ०८१ जेठ ७ गते कुटपिट गरी हत्या गरेको आरोपमा ४२ वर्षीय छोरा टिकाराम राईविरूद्ध पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १० गते गिरफ्तार गर्यो। आरोपितविरूद्ध

प्रहरीले जिल्ला अदालतमा असार ६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको असार ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा जेठ ११ गते भयो। आरोपितले जेठ ७ गते बाबुको हत्या गरी जेठ ८ गते घर नजिक पुरेको र आरोपितविरूद्ध प्रहरीमा उजुरी परेपछि शव उत्खनन गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर वेनु कार्कीले बताए। पीडित पक्षले जेठ ११ गते साकेला गाउँपालिका-२ घर नजिक सद्‌गत गर्यो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

माई नगरपालिका-२ की ३१ वर्षीया नेत्रमाया खवासको घरायसी विवादका क्रममा ०८१ वैशाख १६ गते सौतेनी छोरो माई नगरपालिका-२ का २२ वर्षीय सन्देश दियालीले काठको किला प्रहार गरी हत्या गरेको आरोपमा विरूद्ध पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १७ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ११ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा वैशाख १६ गते भयो। सोही दिन पीडित पक्षले सद्‌गत गर्‍यो। जिल्ला अदालतका न्यायाधीश केशवकुमार घिमिरेको जेठ १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन।

**पाँचथर**

फिदिम नगरपालिका-११ की ५८ वर्षीया लक्ष्मीकुमारी वञ्जरालाई घरायसी विवादका क्रममा ०८० चैत १६ गते कोदालोको बिँडले टाउकामा प्रहार गरी घाइते बनाएको आरोपमा पीडित पक्षले ३८ वर्षीय छोरा विवेक वञ्जराविरुद्ध चैत १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १७ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख ९ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको वैशाख १० गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको उपचार जिल्ला अस्पतालमा चैत १६ गते भयो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**उदयपुर**

कटारी नगरपालिका-५ भुल्केकी ३९ वर्षीया सर्मिला राउतको ०८१ जेठ २३ गते घरायसी विवादका क्रममा दाउराले हिर्काएर हत्या गरेको आरोपमा पीडित पक्षले ४२ वर्षीय पति हिमाल राउतविरूद्ध जेठ २३ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ असार ५ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको असार ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम कटारी अस्पतालमा जेठ २३ गते गरियो। सोही दिन पीडित पक्षले शव बुझी कटारी नगरपालिका-५ तावाखोलामा सद्‌गत गर्‍यो। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## सबै प्रकारका जातीय विभेद

**ताप्लेजुङ**

फुङलिङ नगरपालिका-४ की ४५ वर्षीया मनमाया अछामीले ०८१ असार २ गते सोही ठाउँका ३५ वर्षीय आयुष लिम्बूले जुत्ता सिलाउने पेशासँग जोडेर जातीय विभेद गरेको आरोपमा असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। दुवै पक्षलाई असार ३ गते कार्यालय झिकाएर छलफलपछि मिलापत्र गराएको ज्येष्ठ, नागरिक, बालबालिका केन्द्र महिला सेल प्रमुख रुपा राईले बताइन्। मिलापत्रपछि पुन न्यायिक निकायमा जानु नपरेको पीडितले बताइन्।

**ओखलढुङ्गा**

मोलुङ गाउँपालिका-२ का ३५ वर्षीय लालबहादुर सार्कीले सोही ठाउँका ४५ वर्षीय दीर्घबहादुर खत्रीले ०८० चैत ९ गते बसेको महभीर सामुदायिक वन उपभोक्ता समितिको आम भेलामा पानी नचल्ने जातले अध्यक्ष पदमा दावी गर्न पाईदैंन भनेर सबैको सामु नैतिक चरित्रको हत्या गरी जातीय विभेद गरी गरेको आरोपमा पीडितले ०८१ वैशाख ३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। प्रमुख जिल्ला अधिकारीको वैशाख १६ गतेको निर्णयले आरोपित ७ हजार रुपियाँ जरिबाना बुझाएर रिहा भए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन।

**धनकुटा**

उदयपुर जिल्ला, त्रियुगा नगरपालिका-१ की २२ वर्षीया सम्झना सुन्दासले दलित भएकै कारण आफूलाई धनकुटा नगरपालिका-७ की ४७ वर्षीया इन्दिरा श्रेष्ठले घरबाट निकालेको आरोप लगाइन्। लोक सेवा आयोगले

धनकुटामा सञ्चालन गरेको परीक्षामा सहभागी हुन ०८० चैत २८ गते पुग्दा होटल भरिभराउका कारण वास बस्न कोठा नपाएपछि आरोपितले श्रेष्ठले मेरै घरमा बसेर परीक्षा दिनु भनि वास दिएको र साँझ कुराकानीका क्रममा सुन्दास थर भनेपछि घरबाट निकालेको पीडितको आरोप छ। जिल्ला प्रहरी कार्यालयका एसपी श्यामसिंह चौधरीले छुवाछूतविरूद्ध कुनै उजुरी दर्ता नभएकाले त्यसबारे कानुनी कारबाही अघि बढ्न नसकेको बताए। पीडितले आरोपितविरूद्ध कानुनी कारबाही अघि नबढाएको बताइन्।

**झापा**

विर्तामोड नगरपालिका-५ की ४५ वर्षीय सोमनाथ पोर्तेलले ०८० चैत १८ गते जातीय विभेद गरेको आरोपमा हल्दिबारी गाउँपालिका-२ स्थायी घर भइ विर्तामोड नगरपालिका-५ बस्दै आएका ४८ वर्षीय डम्बरबहादुर गिरीविरूद्ध चैत २८ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत ३० गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख ९ गते जातीय विभेद शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको वैशाख १० गतेको आदेशले २० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। पीडितले आरोपितले फोनमा डुम भनि जातीय विभेद गरेको बताए। ०८१ असार १६ गतेसम्म मुद्दा फैसला भएन। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

**मोरङ**

कोशी प्रदेश नीति तथा योजना आयोग र नेपाल विद्युत प्राधिकरणका ६ ओटा सरकारी सवारी साधनमा पहिचान नखुलेका व्यक्तिहरूले ०८१ जेठ २७ गते तोडफोड गरेको प्रहरीले जनायो। को १ झ ६४४, बा एबी ८१८०, बागमती प्रदेश ०१ ०० ञ २७०१, बा १ ञ २४१९, बा ००१ ञ २९९० र बा १ ञ १८८७ नम्बरको गाडीमा तोडफोटबाट क्षति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी ज्ञानबहादुर बस्नेतले बताए। गाडी तोडफोड र आगजनी गर्नेहरूको खोजी भइरहेको डिएसपी बस्नेतले बताए। ०८१ असार १६ गतेसम्म कोही कसैलाई प्रहरीले गिरफ्तार गरेन। घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**इलाम**

फाकफोकथुम गाउँपालिका-४ का ४४ वर्षीय नारायण गुरुङले घरमा पार्किङमा राखेको बा २१ प ९१३६ नम्बरको पिकअप गाडी ०८१ जेठ २० गते तोडफोड गरेको आरोपमा पीडित पक्षले फाकफोकथुम गाउँपालिका-४ का २४ वर्षीय सन्तोष लिम्बूविरूद्ध जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। दुवै पक्षलाई प्रहरीले जेठ ३२ गते कार्यालय झिकायो। आरोपितले गाडी मर्मतको सबै खर्च व्यर्होने शर्तमा मिलापत्र गराएको इन्स्पेक्टर विजय राईले बताए। मिलापत्रपछि पीडितले न्यायिक निकायमा जानु नपरेको बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**कोशी प्रदेशद्वारा प्रकाशित**
**सल्लाहकार** : सोमराज थापा, **संयोजन/सम्पादन** : पुण्यप्रसाद अधिकारी
बिराटनगर महानगरपालिका–११ जनपथटोल, मोरङ, फोन : ०२१–४७१०२५, ४७११२७, फ्याक्स : ०२१–४७१५२१
Email: biratnagar@insec.org.np, Website: www.inseconline.org